बारबर्दिया नगरपालिकाद्वारा प्रकाशित

बारबर्दिया राजपत्र

**भाग–६**

खण्डः२ संख्याः ५ मितिः २०८०/०२/१०

**बारबर्दिया नगरपालिका**

**नगर सहकारी सञ्जाल (गठन तथा परिचालन सम्बन्धी) कार्यविधि, २०७९**

**प्रमाणिकरण मितिः २०८०/०२/०५**

प्रस्तावना :

आत्मनिर्भर, दिगो एवं समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने मर्मलाई आत्मसात गर्दै बारबर्दिया नगरपालिका भित्र सञ्चालित सहकारी संस्थाहरुको प्रवर्दन र नियमन गर्न साथै सदस्यहरुको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न, सहकारीको माध्यमबाट सहकारी खेती,उद्योग, बस्तु तथा सेवा व्यवसाय सञ्चालन कार्य प्रभावकारी रुपले समयानुकूल अगाडि बढाउन वाञ्छनीय भएकोले बारबर्दिया नगरपालिकाको सहकारी ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी नगरकार्यपालिका को निर्णयबाट स्वीकृत गरि यो कार्यविधि बनाई लागू गरेको छ ।

**परिच्छेद -१**

**संक्षिप्त नाम र प्रारम्भ**

**१.संक्षिप्त नाम र प्रारम्भः**

१) यो कार्यविधिको नाम “बारबर्दिया नगरपालिकाको सहकारी सञ्जाल (गठन तथा परिचालन सम्बन्धी) कार्यविधि, २०७९” रहेको छ ।

२) यो कार्यविधि कार्यपालिकाबाट पारित भएपछि लागू हुनेछ ।

**२.परिभाषाः**

१) **"प्रमुख"** भन्नाले बारबर्दिया नगरपालिकाको नगरप्रमुखलाई सम्झनु पर्छ ।

२) **"उपप्रमुख"** भन्नाले बारबर्दिया नगरपालिकाको नगरउपप्रमुखलाई सम्झनु पर्छ ।

३) **"नगरपालिका"** भन्नाले बारबर्दिया नगरपालिकालाई सम्झनु पर्छ ।

४) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले बारबर्दिया नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

५) **"सचिव"** भन्नाले सहकारी सञ्जालको सचिवलाई सम्झनु पर्छ ।

६) **"सदस्य"** भन्नाले सहकारी सञ्जालको सदस्यलाई सम्झनु पर्छ र सो शब्दले सहकारी सञ्जालका संयोजक, सह संयोजक, सचिव र सदस्यलाई समेत जनाउछ

७) **"सल्लाहकार समिति"** भन्नाले कार्यविधिको दफा ७ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

८) **"सहकारी शाखा प्रमुख"** भन्नाले नगरपालिकाको सहकारी हेर्ने शाखाको प्रमुख कर्मचारीलाई सम्झनुपर्छ ।

९) **"सहकारी सञ्जाल"** भन्नाले बारबर्दिया नगरपालिकाले गठन गरेको सहकारी सञ्जाललाई सम्झनुपर्छ ।

१०) **"सहजीकरण समिति"** भन्नाले यस कार्यविधि बमोजिम गठन भएको कार्यकम सञ्चालन तथा सहजीकरण समितिलाई सम्झनु पर्छ ।

११) **"सहकारी विज्ञ"** भन्नाले सहकारी क्षेत्रमा कम्तिमा आठ वर्ष अनुभव प्राप्त ब्यक्तिलाई सम्झनुपर्छ ।

१२) **"सह-संयोजक"** भन्नाले सहकारी सञ्जालको सह-संयोजकलाई सम्झनु पर्छ

१३) **"सहकारी हेर्ने विषयगत समितिको संयोजक"** भन्नाले नगरपालिकाको सहकारी हेर्ने विषयगत समितिको संयोजकलाई सम्झनु पर्छ ।

१४) **"संयोजक"** भन्नाले सहकारी सञ्जालको संयोजकलाई सम्झनु पर्छ ।

१५) **"संरक्षक"** भन्नाले नगरप्रमुखलाई सम्झनु पर्छ ।

**३. उद्देश्यः**

नगरपालिकामा संघीय सरकारबाट हस्तान्तरण भै आएका सहकारी संस्था र नगरपालिकाबाट दर्ता गरी कारोवार सञ्चालन गरेका सहकारी संस्थालाई समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत एवं स्वशासित संगठनको रुपमा सञ्चालन गर्न र संस्थाका सदस्यहरुको आर्थिक विकासमा समेत टेवा पु-याउन सञ्जालको उद्देश्य निम्न अनुसार हुनेछन् :

१) सहकारी कानूनले निर्दिष्ट गरे बमोजिम सहकारी संस्थाले सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप कारोवार सञ्चालन गर्न सहयोगीको भूमिका निर्वाह गर्ने ।

२) नगरपालिकाका सहकारीलाई सहकारी खेती, उद्योग, बस्तु तथा सेवा, ब्यवसायको माध्यमबाट आत्मनिर्भर बन्न सहयोग पु-याउने ।

३) प्रदेश र संघीय सरकारसंग समन्वय र सहकार्य गरी नगरपालिकामा सञ्चालित सहकारीलाई आर्थिक सहयोग उपलब्ध गराउने ।

४) सहकारी संस्थामा सुशासन कायम राख्न नगरपालिका भित्रका सहकारीहरु वीच समन्वय र सहन-कार्य गर्ने ।

५) नगरपालिकाको आवश्यकताका आधारमा सहकारीको माध्यमबाट बस्तु तथा सेवाको उत्पादन, प्रशोधन, बजारीकरण लगायतका कार्यमा आर्थिक सहयोग उपलब्ध गराउने ।

६) सहकारीको माध्यमबाट शित भण्डार निर्माण, सहकारी पसल सञ्चालन, उद्योग, वस्तु तथा सेवा ब्यवसाय लगायतका व्यवसायिक कार्यमा अभिप्रेरित गर्ने र आवश्यक परेमा नगरपालिकासंग साभेदारीमा कार्यक्रम सञ्चालन गर्ने ।

७) सहकारी शिक्षाको माध्यमबाट स्थानीय नागरिकको आर्थिक, सामाजिक र सांस्कृतिक उन्नयनमा टेवा पुच्याउने ।

८) सहकारी सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सहयोग पुच्याउने ।

९) सहकारी सञ्जालको कार्यक्षेत्र, सञ्जालको कार्य क्षेत्र नगरपालिकाका वडाहरु भित्र रहने छ ।

**४. कार्यालय ब्यवस्थापन :**

सञ्जालको आफूनो कार्य सञ्चालनको लागि एक कार्यालय रहनेछ । पत्राचार, ठेगाना, सम्पर्क नम्बर, सञ्जालले तोके बमोजिम हुनेछ । यसको जानकारी नगरपालिका र सम्बन्धित निकायहरुमा समेत गराइनेछ ।

## परिच्छेद-२

## सञ्जाल, सल्लाहकार समिति र सहजिकरण समितिको गठन तथा काम, कर्तब्य र अधिकार :

**५.सञ्जालको गठन** :

१) नगरपालिका भित्र कार्यक्षेत्र रहेका र क्रियाशील विषयगत तथा बहुउद्देश्यीय सहकारी संस्थाबाट प्रतिनिधित्व हुने गरी ११-देखी १५ सदस्यीय बारबर्दिया नगरपालिका स्तरीय सहकारी सञ्जाल संचालक समिति गठन देहाय बमोजिम रहनेछ :

क) संयोजक १

ख) सह-संयोजक १

ग) सदस्यहरु १२

घ) सचिव १

२) सञ्जालका पदाधिकारीहरुमा संयोजक,सह संयोजक,सचिव र ९ जना सदस्यहरु नगरपालिकाका सबै क्रियाशिल सहकारी संस्थाका सञ्चालक समितिका अध्यक्ष /पदाधिकारी मध्येबाट निर्वाचित हुनेछन् र बाँकि ३ जना सदस्यहरु संजालको कार्यसमितिले समाबेशी र भेगीय हिसाबले क्रियाशिल सहकारीबाट मनोनयन गर्नेछन ।

३) सञ्जालका पदाधिकारीहरुको पदावधि ४ वर्ष हुनेछ ।

४) सञ्जालमा संभव भएसम्म कम्तिमा तेत्तीस प्रतिशत महिला निर्वाचित गरिनेछ

५) नगरप्रमुख सञ्जालको संरक्षक हुनेछ ।

७) सहकारी शाखा प्रमुखलाई सञ्जालको संचालक समितिको बैठकमा अनिवार्य आमन्त्रण गर्नु पर्नेछ ।

**६. सल्लाहकार समिति :**

१) दफा ६ बमोजिम गठन भएको सञ्जाललाई आवश्यक सर-सल्लाह र सहकारी सम्बन्धमा निर्देशन तथा समन्वय गर्न तपशिल बमोजिमको सल्लाहकार समिति रहनेछ :

क) नगरप्रमुख - संयोजक

ख) उपप्रमुख - सह-संयोजक

ग) प्रमुख प्रशासकीय अधिकृत सदस्य

घ) सहकारी हेर्ने विषयगत समितिको संयोजक - सदस्य

ङ) जिल्ला सहकारी संघको अध्यक्ष /प्रतिनिधि - सदस्य

च) सहकारी शाखा प्रमुख - सदस्य-सचिव

२) समितिले आवश्यकतानुसार सहकारी विज्ञलाई पनि बैठकमा आमन्त्रण गर्नेछ ।

३) नगरप्रमुखको निर्देशनमा सदस्य-सचिवले बैठक बोलाउने र बैठक सम्वन्धी आवश्यक व्यवस्थापन गर्नेछ ।

४) समितिको राय, सल्लाह र सुझाव नगरपालिकाका, सहकारी संस्था साथै सदस्यको आर्थिक उन्नतिमा केन्द्रित रहनेछ ।

५) उपदफा (४) वमोजिम सल्लाहकार समितिको सुझाव दफा ६ बमोजिम गठित सहकारी सञ्जालको लागि मार्गदर्शन हुनेछ ।

**७. कार्यक्रम सञ्चालन तथा सहजीकरण समितिः**

१) नगरपालिकाभित्र कार्यक्षेत्र रही क्रियाशिल सहकारी संस्थाको सञ्जाल मार्फत सञ्चालन हुने कार्यक्रम सञ्चालन तथा सहजीकरणको लागि तपशिल बमोजिमको कार्यक्रम सञ्चालन तथा सहजीकरण समिति गठन हुनेछ । समितिको सहजीकरण दफा ६ बमोजिम गठित सञ्जालको लागि मार्गदर्शन हुनेछ ।

१) सहकारी संजालको संयोजक - संयोजक

२) आर्थिक बिकास समिति संयोजक सदस्य

३) विषयगत सहकारी संघको अध्यक्ष /प्रतिनिधि -सदस्य

४) संजालको संयोजकले तोकेको क्रियाशिल महिला सहकारी संस्थाका अध्यक्षहरुबाट २ जना प्रतिनिधी - सदस्य

५) सहकारी शाखा प्रमुख -सदस्य-सचिब

२) समितिले बैठकमा आवश्यकतानुसार सहकारी विज्ञलाई पनि आमन्त्रण गर्न सक्नेछ ।

**८. सञ्जालको बैठक सम्बन्धी व्यवस्था :**

१) संयोजकले तोकेको मिति, समय र स्थानमा सचिवले संजालको बैठक बोलाउनेछ ।

२) संयोजकको निर्देशनमा सचिवले बैठक बस्नु भन्दा कम्तिमा १ (एक) दिन अघि बैठकका विषयको जानकारी सबै सदस्यहरुलाई गराउनु पर्नेछ ।

३) सञ्जालमा बहुमत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । मत बराबर भएमा संयोजकले निर्णयक मत दिनेछ ।

४) सञ्जालको बैठकका विषय र निर्णय सहकारीको मूल्य, मान्यता, सिद्धान्त र प्रचलित सहकारी कानून बमोजिम सहकारी संस्थाको प्रवर्द्धन, विकास र सदस्यको आर्थिक उन्नतिमा केन्द्रित रहनेछन् ।

५) सञ्जालको बैठकको निर्णयपुस्तिका संयोजकले प्रमाणित गर्नेछ ।

६) सञ्जालको दुई बैठक बीचको अन्तर तीन महिना भन्दा बढी हुने छैन ।

**९. सञ्जालको काम, कर्तब्य र अधिकारः**

१) दफा ३ बमोजिमको उद्देश्य प्राप्तिका लागि नगरपालिकासंग प्रत्यक्ष रुपमा सहकार्य गरी नगरपालिकास्तरीय सहकारीको विकासमा प्रभावकारी भूमिका निर्वाह गर्ने ।

२) प्रत्येक वर्ष प्रथम चौमासिक अविधि भित्र कम्तिमा एकपटक नगरपालिकास्तरीय सहकारी संस्थाहरुको भेला गर्ने ।

३) नगरपालिकाभित्र कार्यक्षेत्र रहेका सहकारी संस्थाहरुको लागि आवश्यक सहकारी सम्बन्धी तालिम तथा कार्यक्रम सञ्चालन गर्न नगरपालिका र स्थानीय गैर सरकारी संघ संस्था तथा गैर नाफामूलक संघ संस्थासंग समन्वय र सहकार्य गर्ने ।

४) उपदफा (३) बमोजिमका तालिम तथा कार्यक्रम तयार गरी गठित कार्यक्रम सञ्चालन तथा सहजीकरण समिति मार्फत सल्लाहकार समितिलाई जानकारी गराउने ।

५) सल्लाहकार समितिको निर्देशनानुसार तालिम तथा कार्यक्रम सञ्चालन गर्ने ।

६) नगरपालिकाभित्र कार्यक्षेत्र रहेका विषयगत र बहुउद्देश्यीय सहकारी संस्थाहरुको विस्तृत विवरण समावेश गरी प्रत्येक आर्थिक बर्षको साउन मसान्तभित्र तथ्याङ्क सार्वजनिक गर्ने ।

७) उपदफा (६) बमोजिम तथ्याङ्क संकलन गर्दा सञ्जालले आवश्यक नमूना फारामहरु तयार गर्न सक्नेछ ।

८) नगरपालिकास्तरीय सहकारीको समग्र विकासको लागि नगरपालिकालाई आवश्यक राय,सुझाब र पृष्ठपोषण गर्ने ।

**१०. सेवा सुविधा सम्बन्धी व्यवस्था :** सहकारी सञ्जाल, सल्लाहकार समिति र सहजीकरण समितिका बैठक तथा बैठकमा सहभागी पदाधिकारी साथै आमन्त्रित ब्यक्तिहरुको सेवा सुविधा,बैठकभत्ता, खाजा नास्ता, कार्यालय संचालन खर्च, भत्ता,संजाल संचालन कोषबाट संजालको निर्णय बमोजिम खर्च गरिनेछ ।

## परिच्छेद-३
## विविध

**११. सहकारी सञ्जाल संचालन कोषको व्यवस्था :**

१)नगरपालिका भित्र कार्यक्षेत्र रहेका सहकारीको समग्र विकासको लागि सहकारी सञ्जाल संचालन कोषको व्यवस्था गरिनेछ ।

२) नगरपालिका, प्रदेश, संघीय सरकार, गैरसरकारी तथा गैर नाफामूलक संघ संस्थाबाट कोषको लागि प्राप्त रकम र सहकारी संस्थाबाट सञ्जालमा आवद्दहुन लाग्ने शुल्क,नबिकरण गर्दा लाग्ने शुल्क र सहकारी शिक्षा संचालनार्थ सहकारी संस्थाबाट प्रदान गरेको रकम यसै कोषमा जम्मा हुनेछ ।

३) कोषको सञ्चालन सञ्जालको संयोजक र नगरपालिकाको सहकारी शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ

४) उपदफा (२) बमोजिमको कोषको रकम समितिको निर्देशनानुसार बैंकमा जम्मा गरिनेछ ।

५) कोषको रकमको कारोवारको लेखा दोहोरो लेखा प्रणाली अनुसार राख्नु पर्नेछ ।

६) उपदफा (५) वमोजिमको लेखाको लेखापरीक्षण प्रत्येक वर्ष रजिष्टर्ड लेखापरीक्षकबाट गराउनु पर्नेछ

७) सञ्जालले लेखापरीक्षण प्रतिवेदन उपदफा (२) वमोजिमको कोषमा रकम जम्मा गर्ने निकायहरुमा पनि पठाउनु पर्नेछ ।

**१२. सामाजिक परीक्षण गराउन सक्ने** :

१) सञ्जालले कार्यविधिमा उल्लिखित उद्देश्य अनुसार सञ्जालबाट भए गरेका निर्णय र कार्यकम तथा तालिम, सहकारीले प्राप्त गरेका सेवा र सुविधा, सदस्यको सन्तुष्टीको स्तर, आर्थिक कारोवार लगायतका विषयमा सामाजिक परीक्षण गराउन सक्नेछ ।

२) उपदफा (१) वमोजिम भएको सामाजिक परीक्षणको प्रतिवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ ।

३) उपदफा (२) वमोजिम पेश भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी नगरकार्यपालिकाले आवश्यकता अनुसार सञ्जाललाई निर्देशन दिन सक्नेछ

**१३. खारेजी र बचाउः**

१) सञ्जालद्वारा संचालित कार्यक्रम, तालिम तथा आर्थिक कारोबार नगरपालिका र सहकारी सम्बन्धी प्रचलित कानून वमोजिम व्यवस्थित हुनेछन् ।

२) उपदफा (१) वमोजिमका कार्यक्रम, तालिम तथा आर्थिक कारोबार नगरपालिका र सहकारीका प्रचलित कानून संग बाझिएमा स्वतः खारेज हुनेछन्

३) यस अघि सहकारी ऐन बमोजिम नगरपालिकाको रोहबरमा गठित नगर सहकारी संजालबाट भए गरेका कार्यहरु यसै कार्यबिधि बमोजिम भए गरेको मानिनेछ ।

आज्ञालेः

अशोक कोइराला

प्रमुख प्रशासकीय अधिकृत